CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

296

साक्षात्कार रहस्यको

सर्वतोमुखी विवेचन

[मनुष्य—जीवनमा—सुखशान्ति]

दे० ६२६२
२९७
वा०वि०पी० पुस्तकालय
मू० १।—

नष्ठ डा० क्षितीशचन्द्र चक्रवर्ती
एम० ए०, डि० फील०, वि० एल्०

२०२४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रकाशकः---

अद्वैत संस्था,
प्रधान कार्यालय
नारायणगढ, चितवन
नेपाल

प्रथम संस्करण १५००
सम्वत् २०२४।१२।२१

मूल्य रू १।००

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri Funding: MIDF

द० ६२।३२ १७०
वा०वि०पी० २८५
पु० सू० १।—

१. परमार्थ अद्वितीय वस्तु

पहिले परमार्थ अद्वितीय वस्तुको बारेमा बताउँछु, जो वस्तु हो स्वतःसिद्ध अर्थात् सर्वकालमा सत्य र प्रकाशमान त्यो हो सर्वव्यापक र सर्व-साक्षि, त्यो परमात्मवस्तु किम्वा परमेश्वर सबै प्राणीको हृदयमा जीवरूपले प्रवेश गरिकन सबैको बुद्धि-वृत्तिको साक्षिरूपले अवस्थित भइरहेको छ। त्यो परमात्मा नै हो सबैको वास्तवस्वरूप किम्वा आत्मा। जीव वास्तवमा परमात्मादेखि अलिकति पनि भिन्न होइन। किनकि जो सबैदा प्रकाशमान भइरहेको छ त्यो एकरस र अद्वितीय नै हुन्छ।

यो अनुभव स्वरूपको अनुभव बन्दछ। बुद्धिपूर्वक जान्नुको नाम हो ज्ञान—जसबाट मोक्ष प्राप्त हुन्छ। चित्त-शुद्धिको लागि कर्म आवश्यक हुन्छ—शास्त्रबिहित कर्महरू संस्कार साधन द्वारा ज्ञानको उपाय बन्दछन्। ऐनाको मल हटाईकन जस्तो त्यसको मार्जन (सफा तुल्याउनु) संभव हुन्छ र ऐनाको मल हटेपछि त्यसमा प्रतिविम्ब प्रतिफलित हुन सक्दछ त्यस्तै निष्काम-कर्मानुष्ठानबाट चित्तको मल र विक्षेप- यसैको नाम हो चित्तको मलिनता किम्वा प्रतिवन्धक दूर भइहाल्छ र आत्मस्वरूपको सामान्यज्ञान (संस्कारबाट आफ्नो चैतन्य स्वरूपको अनुभव) उत्पन्न हुन्छ। अर्थात्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चित्त निर्मलभए सामान्य आत्मज्ञानको उत्पत्ति—म हुँ अकर्ता साक्षिस्वरूप यसको संस्कारको बलले अनुभव हुन्छ यत्ति नै हो कर्मानुष्ठानको प्रयोजन। त्यसैले जसको यस-प्रकार सामान्य आत्मज्ञान भएको छ त्यसको लागि कर्मानुष्ठान हो निष्प्रयोजन। नदीको पारी पुगेपछि मानिस नौकालाई जस्तो परित्याग गरिदिन्छ र आफ्नो अभीष्ट देशमा गमन गरिहाल्छ त्यस्तै चित्त-शुद्ध पुरुष कर्मानुष्ठान परित्याग गरिकन आफ्नो स्वरूपको विशेषज्ञानमा यत्न गर्छ।

कर्मानुष्ठान वर्तमान जन्ममा नै गर्नुपर्छ यो तो नियम छैन। पूर्वजन्ममा अनुष्ठित कर्मको फलले वर्तमान जन्ममा कर्मानुष्ठान विना सम्यक्ज्ञान प्राप्त हुन सक्दछ। कर्ममार्ग जस्तो शास्त्रमा विहित भएको छ कर्मत्याग पनि त्यस्तै शास्त्रमा विधान गरिएकोछ। यो दुबैको भित्र कर्म-त्याग नै हो श्रेष्ठ। शुद्धचित्त पुरुषलाई महात्मा भन्दछन्। महात्मा पुरुष कर्मपरित्याग-पूर्वक मोक्ष-लाभ गर्दछन् परमार्थ अद्वितीय वस्तुलाई जाने पछि नै मृत्युलाई अति-क्रमण गर्नु बन्दछ।

गुरूबाट उपदिष्ट अद्वैत आत्मज्ञान नै (तिमी हौ शुध्दचैतन्य) मुक्तिको कारण हो। अद्वैत परमात्म-स्वरूप-लाई सारा बुध्दिवृत्तिको साक्षि-रूपले अवगत भए मानिस जन्ममरण-रहित भइहाल्छ। कर्मको फल हो चार प्रकार:— (१) वस्तु-विशेषको उत्पत्ति (२) प्राप्ति (३) विकार र (४) संस्कार। ब्रम्हस्वरूपमा अवस्थान कुनै प्रकारको कर्मको फल होइन। जो वस्तु स्वभाव सिद्ध हो त्यसको उत्पत्ति साधन-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बाट बन्दैन। आत्मालाई प्राप्तगर्नु साधनबाट बन्दैन। आत्मा हो मुमुक्षु पुरूषको आफ्नो वास्तव स्वरूप र त्यस-कारण नित्य नै प्राप्त। आत्मामा विकार उत्पादन गर्नु पनि कसैको इष्ट हैन। आत्मा आफ्नो वास्तव स्वरूप भएको हुनाले नित्य अधिकारी हो, बुध्दिको अविषय हो। आत्माको मल छैन त्यसकारण आत्माको संस्कार साधन गर्नु कसैको उद्देश्य होइन। आफू देखि अभिन्न भएको हुनाले आत्मा संस्कारको योग्य हैन। यसको कुनै क्रिया छैन जसबाट आत्माको संस्कार गर्नु संभव होला। बाहिर अवस्थित ब्रम्हलाई पाउनु मोक्ष होइन किनकि त्यसको प्राप्ति अनित्य नै हुन्छ। वेदमा मोक्षलाई नित्य भनेको छ।

एवं प्रकारले जुन मानिसलाई अकर्ता आफ्नू स्वरूप-को सामान्यज्ञान उत्पन्न भएको छ यस्तो शुध्द-चित्त पुरुषको देह-बुध्दि र कर्ताभाव संभव हुदैन। त्यसको लागि गुरू र शास्त्रले ज्ञानको उपदेश दिनुहुन्छ। आत्मस्वरुपलाई जाने पछि आत्मामा अज्ञानले आरोपित बुध्द आदि दृश्य-प्रपंचको निवृत्ति भैहाल्छ। मुमुक्षु पुरुषले अमरत्व प्राप्त गर्छ।

सर्वान्तर स्वप्रकाश साक्षी चिद्रूप आत्मा बुद्धि वृत्तिको विषयीभूत होइन जो बुद्धि वृत्तिको विषय हुन्छ-अर्थात् जुनपदार्थलाई बुद्धि जान्दछ त्यो हो ज्ञातपदार्थ, जुन-पदार्थ बुद्धि वृत्तिको विषय हुँदैन त्यो हो अज्ञात पदार्थ। यो दुवै प्रकारको पदार्थलाई साक्षि-चैतन्यले प्रकाश गर्दछ। अर्थात् सबै पदार्थको सत्ता र प्रकाश चैतन्य-रूप आत्माबाट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्राप्त हुन्छ । यसकारण सर्वसाक्षि आत्मा–ज्ञात र अज्ञात सार प्रपंचको अवभासक भएको हुनाले त्यो नै हो स्वयं विज्ञाता । यो विज्ञाता हो सबै प्रपंचको वास्तवस्वरूप र त्यस कारण ज्ञात र अज्ञात सारापदार्थ हो यो साक्षिस्वरूपमा कल्पित । जो ज्ञानको विषय हुन्छ त्यो क्षुद्र र विवादास्पद हुन्छ । "म हुँ" यो ज्ञान हो निर्विवाद । योदेखि भिन्न जो कुनै ज्ञान इन्द्रियादिको विषय हुन्छ त्यो बिबादास्पद हुन्छ । त्यो चैतन्य स्वरूप आत्मा कसैको अविदित छैन किनकि यो हो सबैको वास्तव स्वरूप र नित्य स्वयंप्रकाशमान वस्तु । आत्मा नै हो परमार्थ अद्वितीय ब्रम्ह । सर्वान्तर आत्मालाई भनेको छ । सारा बुद्धि–वृत्तिको निषेध भए यो साक्षि आत्मा स्वयं आनन्द ज्ञानरूपले अर्थात् ब्रम्हरूपले परिशिष्ट रहन्छ । यो सर्वसाक्षि हो त्रिपुटीको वास्तव स्वरूप । आत्मा हो ज्ञाता, ज्ञान र ज्ञेयले रहित–ज्ञाता देखि अभिन्न अर्थात् ज्ञाताको वास्तवस्वरूप, अखण्ड ज्ञानरूप र ज्ञेयत्व तथा अज्ञेयत्वले रहित केवल प्रकाश मात्र ।

आत्मा स्वयं प्रकाशमान भएको हुनाले भिन्न अनुभवको अपेक्षा राख्दैन अर्थात् अनात्मवस्तु मै आत्मालाई खोजेर निकाल्नुपर्दैन । आत्मा हो ज्ञानस्वरूप–त्यसलाई भिन्न उपायबाट जान्नुको प्रयोजन छैन । आत्मा हो आफू बाट सिद्ध, वत्ती जस्तो आफ्नो किम्वा अरू उज्यालोलाई अपेक्षा गर्दैन त्यस्तो आत्मा हो आफूबाट नै सिद्ध, अरू उज्यालोबाट जस्तो वत्ती प्रकाशित हुँदैन त्यस्तो आत्मा आफूबाट नै निरन्तर प्रकाशमान अर्थात् आत्मा आफू नै आफूलाई अनुभव गर्दछ । आत्मा–देखि भिन्न यस्तो कुनै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विज्ञान छैन जो आत्म-स्वरूपको विज्ञानमा अपेक्षित हुन सक्ला। जो प्रमाता ब्रम्हलाई जान्न खोज्दछ त्यो आफू नै दृश्य भएको हुनाले प्रकाशित हुन सक्दैन। त्यसको वास्तव स्वरूप हो चैतन्यरूप आत्मा जो चाहिं पैल्हेदेखि नै सिध्द भइरहेको छ त्यसकारण प्रमाता कसरी आत्माको सिध्दि गर्न सक्ला। त्यसकारण आत्मामा आरोपित प्रमाता आदि त्रिपुटी भावको निषेध भएमा नै चैतन्य स्वरूप आत्मा स्वयं प्रकाशित भइहाल्छ।

२. आत्माको स्पष्ट अनुभव

चैतन्य हो सर्वान्तर (इन्द्रिय मन आदिको वास्तव स्वरूप)—मनको प्रेरक भएको हुनाले यो हो मनको अधिष्ठान र त्रिपुटीको वास्तव स्वरूप। त्यसो भएको हुनाले साधक पुरूष जसलाई "यो" भनी अर्थात् उपाधिविशिष्ट भनी उपासना गर्दछ त्यो वास्तवमा आत्मस्वरूप होइन त्यो हो अनात्मवस्तु किम्वा जड। ब्रम्ह हो साधक पुरूषको आफ्नो वास्तव स्वरूप नै। मन जसलाई चिन्तन गर्न सक्दैन किन्तु जसबाट मन प्रकाशित हुन्छ त्यो हो ब्रम्ह। ब्रम्हबाट प्रकाशित मन कसरी ब्रम्हलाइ विषय गर्ला। मन र इन्द्रियको अविषय, जाति गुण, क्रिया आदिले रहित (निर्विशेष) ब्रम्ह नै सारा जगत्लाई प्रकाश गरीरहन्छ। त्यो ब्रम्ह नै हो साधकको वास्तव स्वरूप। त्योदेखि भिन्न अरू केही पनि जान्नको योग्य छैन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सिपिमा चाँदीको झै मिथ्या । आत्मा संधै प्रकाशमान भइरहेता पनि अज्ञानी मनुष्य त्यसलाइ अहंकार – विशिष्ट भनी जान्दछ । वास्तवमा त्यो हो त्रिपुरी आदि सारा बिकारले रहित परमार्थ अद्वितीय चैतन्य स्वरुप यश्तो जान्न सक्दैन त्यसैले आत्मा केवल अद्वितीय भएको हुनाले वास्तवमा त्यस्को ज्ञाता कोई हुन सक्दैन, किनकि " जान्नु हो प्रमाता आदि भेदको सापेक्ष । सारा त्रिपुटीको परिहार-पूर्वक आफूलाइ सर्वान्तर अद्वितीय साक्षि चैतन्य मात्र भनि साक्षात् जान्नुलाइ अद्वितीय साक्षि चिन्मात्र रुपले स्थित भइहाल्नुलाइ ब्रम्हज्ञान भनेको छ । यो ब्रम्हलाई भूमा भन्दछन् ।

३. त्रिपुटीको मिथ्यात्व

शुध्द चैतन्य भूमा स्वरुपमा दृश्य देखि पृथक् द्रष्टा किम्वा द्रष्टव्य पदार्थ किम्वा दर्शन छैन किम्वा भिन्न केही सुन्नु छैन । जगत्मा यदि केहि विषय (अनुभव योग्य पदार्थ) हुन्छ त्यो सारा हो नाम र रुपमात्र । त्यसकारण नाम (शब्द) र रूपको ग्राहक जो दर्शन र श्रवण हो त्यो भूमा वस्तुमा हुन सक्दैन । त्यस्तै भिन्न केहि द्रष्टव्य विषयको चिन्तन छैन किम्वा भिन्न कुनै पदार्थलाई जान्नु पनि छैन ।

क्रियाकारकादि–भेद हो संसार । क्रिया कारकादि भेद रहनु सम्म संसारको निवृत्ति (दृश्य दर्शनको निवृत्ति) हुन सक्दैन । आत्मामा निर्विशेष एकत्व स्वीकार गरे त्यसमा दर्शनादि क्रिया र त्यसको कारक फलभेद (अद्वैत वस्तुको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

द्वैतरुपले प्रतिभास हुनु अर्थात् त्रिपुटी) रहन सक्दैन। परमार्थ सत्यबस्तु हो एक र अद्वितीय त्यसकारण आत्मा-मा दर्शनादि व्यवहार उत्पन्न हुदैन त्यसैले भूमामा कुनै प्रकार दर्शन श्रवण मननरूप विज्ञान (विशेष रूपले जान्नु) रूप त्रिपुटी बन्दैन।

जवसम्म बुध्दिलाई साँचो भनी ग्रहण गरीरहन्छ तव सम्म एक जना अरुवाट अरुलाई दर्शन गर्दछ। यस प्रकार दर्शनादि हो "अल्प", किनकि जवसम्म अज्ञान रहन्छ तवसंम यसप्रकार दर्शन, श्रवण, मनन र विज्ञान स्थित रहन्छ। बुध्दिलाई मिथ्या भनी जान्ने वित्तिकै भूमा (ब्रम्ह) स्वरूपको साक्षात्कार भइहाल्छ। स्वप्नमा देखिएको बस्तु जस्तो जागरण हुनुभन्दा अगि स्थ यी रहन्छ त्यस्तो बुध्दियुक्त ब्रम्हलाई सत्य भनी निश्चय गरुन्जेल त्रिपुटीयुक्त व्यवहार संभव हुन्छ। यस प्रकार भ्रमसिद्ध दर्शन मनन हो "अल्प" र स्वप्न प्रपंचझैं विनाशशील। अल्पको विपरीत जो भूमा हो त्यो हो अविनाशी।

४. एक मात्र भूमा हो सुख

जो परमार्थ सत्यबस्तु हो त्यो नै हो अविनाशी सुख रअविनाशी ज्ञान। सत्चित् र आनन्द पदहरूको लक्षण हो एक अद्वितीय ब्रम्ह। तर तिनीहरूको वाच्यार्थमा भेद हुन्छ सत्तापदको वाच्यार्थ हो मायायुक्त ब्रम्ह, ज्ञान-पदको वाच्यार्थ हो प्रतिविम्वरूप अन्तःकरणको वृत्ति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(वृत्तिज्ञान) र आनन्दपदको वाच्यार्थ हो अत्यन्त शान्त बुध्दिवृत्ति।

वृत्तिज्ञान हो अन्तःकरणको साभास राजसिकवृत्ति किन्तु ज्ञप्ति, ज्ञान किम्वा विज्ञान हो स्वयं प्रकाशमान साक्षि चैतन्य। वृत्तिज्ञान हो प्रतिविम्वरुप परिणामी र विनश्वर (मिथ्या) किनाक त्यो साक्षिबाट प्रकाशित हुन्छ। ज्ञप्ति ज्ञान हो विम्वभूत साक्षिचैतन्य र परमार्थ सत्य।

घटाकार वृत्तिको सहारामे घटको ज्ञान सुखाकार वृत्तिद्वारा सुखको अनुभव— हुन्छ। यस प्रकार आत्मा ब्रम्ह-को साक्षात्कार उत्पन्न भए अखण्डज्ञान परिशिष्ट रहन्छ। यो नै हो मुमुक्षु पुरुषको बास्तव स्वरूप।

यो वास्तव स्वरूपको प्राप्ति (ब्रम्हविद्या) "अद्वैत महा विद्यालय" नारायणगढ-वाट श्री देशिकहरुको करुणाले उपसन्न शिष्यहरुलाइ मिलिराखेको छ। अरुविद्यालय किम्वा विश्वविद्यालयको विद्यार्थीहरु आफुदेखि भिन्न कुनै ज्ञातव्य विषयलाई वुध्दिवृत्तिको सहारामे जान्दछ यो ज्ञान हो परिच्छिन्न (त्रिपुटीको अन्तः पाती), त्यसकारण अल्प (विनश्वर)। साआत्कारको फलले उपसन्न शिष्य सनातन स्वप्रकाश अविनाशी भूमा (ब्रम्ह) भईहाल्छ। त्यो आफू ज्ञाता भईकन कुनै ज्ञेय वस्तुलाई अवगत गर्दैन। त्यो आफ्नो वास्तव स्वरुपमा प्रकाशमान भइरहन्छ। साक्षात्कारवान् पुरुषको सुख आत्मविज्ञानबाट (आत्मानुभवद्वारा) संपन्न हुन्छ। अज्ञानी पुरुषको सुख शब्दादि विषयको अधीन हुन्छ—ज्ञानवान्को सवैप्रकार आनन्दको मूलकारण हो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आत्मा। आत्मानन्द हो देह, जीवन र भोग आदिरुप सारा बाह्यसाधनको निरपेक्ष। ज्ञानबान पुरुषको त्रिपुटीरुप द्वैत नष्ट भइहालेको छ।

जगत्को (सारा) जडतत्व अवगत भए पनि विद्यार्थीलाई षरम शान्ति (आनन्द) प्राप्त हुन सक्दैन। जहाँसंम भूमा ब्रम्हको स्वरुप अवगत हुँदैन। जो परम बृहत् बस्तु होइन—अर्थात् जो हो परिच्छिन्न (त्रिपुटी-अन्तःपाती, वृत्तिरुप विभाग-युक्त) त्यो कैलेपनि सुख स्वरुप हुनसक्दैन किन्तु जो भूमा हो- अर्थात् जो अद्वैतानुभवबाट प्राप्त हो—त्यो नै हो सुखस्वरुप। आफ्नो भूमा स्वरुपलाई जानेपछि मात्र विद्यार्थी मुमुक्षु संसारको सारा अनर्थ जालबाट मुक्त भएर परम शान्ति (मुक्ति) प्राप्त गरेर कृतार्थ हुन्छ।

५. अवर्णनीय सुखको अनुभव

ब्रम्हको स्वरुपभूत परमानन्दको अनुभव गीता-पष्ठ अध्यायमा वर्णित भएको छ। अन्तःकरण-विशिष्ट खण्डित प्रमातृभावलाई अखण्ड आफ्नु वास्तव परमात्म स्वरुपमा अर्पण गरेपछि अखण्डाकार बुध्दिद्वारा यो परम सुखको अनुभव भइहाल्छ। त्रिपुटीको मिथ्यात्व निश्चय भए बुद्धि अद्वितीय साक्षिस्वरुपमा नै स्थित हुन्छ। बुध्दि हो वास्तवमा चैतन्य स्वरुप—बुध्दि अज्ञानको कार्य भएको हुनाले त्यो हो आत्मस्वरूपमा कल्पित (कल्पित बस्तु अधिष्ठान स्वरुप नै हुन्छ)। त्यसैले बुध्दि जब कुनै विषयको आकारमा आकारित हुँदैन तब स्वतः आत्माकारमा नै अवस्थित

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भइरहन्छ (अर्थात् चिद्रुप आत्माको चिन्तन किम्वा अनुभव भइरहन्छ)।

यस प्रकार एकरस वस्तु मात्र रुपले चित्तको जो तदाकार वृत्तियुक्त अवस्थान हो त्यसलाई सम्प्रज्ञात समाधि भनेको छ। यसमा केवल आफ्नो ब्रम्हस्वरुपको अनुभव भइरहन्छ तर अनुभवकर्ता किम्वा ध्याता रहँदैन। त्यसपछि ध्येयाकार वृत्तिलाई पनि बन्द गरीदिनु पर्छ। किनकि ध्येयाकारवृत्ति पनि कल्पित भएको हुनाले त्यो ब्रम्हाकार वृत्ति होब्रम्हरुप (चित्त साक्षि-स्वरुपमा विलापित भईहाल्छ)। परिणामले चित्त कुनै वृत्तिसित युक्त हुँदैन किन्तु ब्रम्हरुपले स्थित भइरहन्छ। जस्तो पानिमा फ्याँकेको लवण जल मात्र रुपले स्थित हुन्छ—लवणको प्रतीति नभैकन केवल जल मात्र नै अवभासित हुन्छ—त्यस्तै बुध्दि अधिष्ठान चित्स्वरुपमा प्रविष्ट भैकन ब्रम्हमात्र रुपमा अवस्थान गर्दछ। बुध्दिको पृथक्भान हुँदैन। केवल परमार्थ अद्वितीय ब्रम्ह अनुभूत हुन्छ। यसलाई असंप्रज्ञात किम्वा निर्विकल्प समाधि भनेको छ। यसकारण असंप्रज्ञात समाधि हो सुषुप्ति अवस्थादेखि भिन्न। सुषुप्ति अवस्थामा बुध्दि विद्यमान रहँदैन (किन्तु कारण अविद्यामा लीन भैहाल्छ) अद्वैतानुभव हो साक्षिको प्रत्यक्ष र समाधि दशामा बुध्दि हो अज्ञात।

मनलाई परमात्म-स्वरुपमा निश्चल रुपले स्थापना पूर्वक अरू केहीपनि चिन्ता नगर्नु, किनकि आत्माकार वृत्ति उत्पन्न भए (त्यो साक्षि भास्य भएको हुनाले ध्येय मात्र आकार वृत्ति सम्यक्रूपले ज्ञात भैहाल्छ (अर्थात् सम्प्रज्ञात समाधि आईहाल्छ) र त्यसको फलले असंप्रज्ञात समाधि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वनीरहँदैन। अनात्माकारवृत्ति उत्पन्न भए समाधिबाट व्युत्थान भैहाल्छ (संप्रज्ञात समाधि पनि रहँदैन) त्यसकारण सर्वाकार वृत्ति रहित गरेर बुध्दिलाई ब्रम्हमात्र रूपले स्थित गर्नु पर्छ—अर्थात असंप्रज्ञात समाधिलाई स्थित राख्नुपर्छ विकारहित बुध्दिको ब्रम्हरूपले अवस्थिति हो अखण्ड एकरस सत् चित् सुखसागरमा (आफ्नो ब्रम्ह चैतन्य स्वरूपमा) चित्तको लीनता।

मुक्तिकोपनिषद्मा भनिएको छ कि चित्तको सर्व प्रकार वृत्ति प्रशमित भए चित्त परमानन्दलाई प्रकाशित गर्दछ निर्मल बुध्दि वृत्ति शून्य भैकन चैतन्य रूप आत्मामा स्थापित भए (बुध्दि चैतन्य रूपले स्थित भए) जो सुख अनुभूत हुन्छ त्यो शब्दवाट वर्णन गर्न सकिदैन। त्यसलाई पुरूष आफ्नो स्पष्ट बुध्दिद्वारा) अनुभव गर्दछ। समाधि अवस्था मा जो चित्त ब्रम्हमा लीन रहन्छ त्यस्को सात्विक हिस्सा मा अनुभविता पुरूष र तामसिक हिस्सामा अनुभाव्य ब्रम्ह सुख विद्यमान रहन्छ।

६. विचारबाट साक्षात्कार

मध्यमाधिकारी पुरूष चित्तलाई साँचो भनी जान्दछ-त्यो राजयोगको अभ्यासबाट क्रम क्रमले आत्म-साक्षात्कार प्राप्त गर्दछ किन्तु उत्तमाधिकारी मुमुक्षु पुरूष चित्तलाई रज्जु सर्पमैं आत्म स्वरूपमा कल्पित मनि जान्दछ,— त्यो विचार द्वारा साक्षात्कार प्राप्त गरीहाल्छ। योगाभ्यासमा प्रयत्न अधिक गर्नु पर्छ किन्तु ज्ञानमार्ग साक्षात्कार सहजमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नै प्राप्त हुन्छ । आत्मामा कल्पित मन नै जाग्रत्मा ज्ञाता ज्ञेय रूपले भासमान भैकन दर्शनादि कार्य गर्दछ । मनको यो नाना आकारमा स्पन्दन वास्तव होइन । कल्पित मन द्वारा देखिएको यो द्वैत प्रपंच हो सत्रूप-किनकि मन रहुनजेल द्वैत प्रतीति हुन्छ र मनको अभावकालमा (जस्तो सुषुप्ति कालमा) कुनै दृश्यको दर्शन हुन पाउँदैन ।

प्रकाशरूप ब्रम्ह हो ज्ञेय वस्तु देखि अभिन्न जो ज्ञान स्वरूपको ज्ञेय हो ब्रम्ह त्यो ज्ञान (जान्नु)— आगो जस्तो उष्णता देखि भिन्न होईन—त्यस्तै ज्ञेय ब्रम्ह देखि भिन्न हुन सक्दैन । त्यो ज्ञेय स्वरूप आत्मतत्व स्वयं नै आफूलाई नित्य चित् प्रकाशबाट अवगत भैरहेको छ । अर्थात् एकज्ञान नै (प्रकाश स्वरूप परमार्थ अद्वितीय वस्तुनै हो ब्रम्हरूपले ज्ञेय र स्वरूपतः ज्ञाता । नित्य प्रकाश स्वरूप सूर्य जस्तो आफ्नो प्रकाशको लागि अरूकुनै प्रकाशको अपेक्षा गर्दैन त्यस्तै आत्मा हो नित्य प्रकाशरूप । त्यसकारण आफूको प्रकाशको लागि अरू ज्ञानको अपेक्षा गर्दैन ।

यो अद्वैत आत्म स्वरूप सधै प्रकाशमान भैरहेको छ । यस्को आविर्भाव र तिरोभाव हुन सक्दैत । आत्म स्वरूपमा चिन्ताको साधन जो मन त्यो नभएको हुनाले कुनै प्रकार चिन्ता नै आत्मामा संभव हुँदैन । यसरी आत्मालाई जाने – दाउराको अभावमा जस्तो आगोको उष्णता अग्नि रूपले अवस्थित हुन्छ त्यस्तै— ज्ञातव्य विषय नभएको हुनाले तब ज्ञान पनि आत्मामा नै अवस्थित हुन्छ । मन कल्पित कुनै विषयको आकारमा आकारित हुन सक्दैन किन्तु स्वत नै ब्रम्ह स्वरूपमा अवाधित भैहाल्छ । आत्माको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यो स्वत सिध्द अनुभवमा (अस्पर्श योगमा) मन आफ्नो चैतन्य स्वरूपमा नै स्थित भैरहन्छ। पारमार्थिक सुख (निरतिशय आनन्द) आफ्नो पारमार्थिक निज आत्मस्वरूपमा नै विद्यमान छ— वैषयिक सुख भै यो उत्पन्न हुँदैन। (यसकारण यो हो अजन्य सुख)— यसमा भोक्ता भोग्य भेद रहँदैन। यो अजन्य सुख ज्ञेय ब्रम्ह देखि भिन्न होइन। यो अद्वैत आत्म स्वरूपको अनुभव कुनै भिन्न साधनको अपेक्षा गर्दैन।

विवेक विना विचार संभव छैन। विचार हो विवेकको अवश्यंम्भावि फल। विचारद्वारा अनायासले स्वरूपको सम्यक् ज्ञान प्राप्त भैहाल्छ। आत्मज्ञान प्राप्त भए मनुष्य चिर सुखी बन्दछ। यो सनातन सुख स्वरूपको साक्षात्कार हो मनुष्यको एकमात्र पुरूषार्थ।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वाल्मीकिविद्यापीठपुस्तकालयः

प्रत्यावर्तनतिथिः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मुद्रकः— श्री अन्नपूर्णा प्रेस असन, काठमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu